# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस नोट

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ कार्तिक २२ गते

**वर्तमान मानवीय संकट र मानव अधिकारको स्थिति सम्बन्धमा आयोगद्वारा जरुरी अपिल जारी**

मानवीय संकट र मानव अधिकारमा परेको प्रभावको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको स्थिति पत्र आज सार्वजनिक गर्दै सरकार, आन्दोलनरत पक्ष र अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको छ ।

आयोगबाट जारी मानव अधिकार स्थिति पत्रमा नेपाल -भारत सीमामा देखिएको अवरोधका कारण सिर्जित मानवीय संकट एवं जीवनको अधिकार, बाल अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक आधिकार, पेशा व्यवसाय गर्न पाउने अधिकार, खाद्यान्नको अधिकार, महिलाको अधिकार लगायत मानव अधिकारमा पारेको प्रभाव औंल्याइएको छ ।

आयोगले उक्त स्थिति पत्र मानव अधिकार संस्थाहरुको एशिया प्रशान्त क्षेत्रीय मंच (एपीएफ), अन्तर्राष्ट्रिय समन्वय समिति (आइसीसी) र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय (ओएचसिएचआर)मा समेत पठाएको छ ।

देशमा उत्पन्न मानवीय संकटका कारण नेपालको संविधान एवं नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धी तथा अन्तर्राष्ट्रिय दस्तावेजहरुले प्रत्याभूत गरेका अधिकारहरुको उपभोगमा गम्भीर असर पारेको भन्दै त्यस्तो असरलाई सम्बोधन गर्न आयोगले नेपाल सरकार, तराई-मधेश केन्द्रित आन्दोलनरत पक्ष, अन्तर्राष्ट्रिय समुदाय तथा सम्बन्धित सबै पक्षलाई ध्यानाकर्षण गराएको छ ।

वेदप्रसाद भट्टराई

का.मु.सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org